# श्री रामलक्ष्मण सामुदायिक वन उपभोक्ता समुह

## वुद्धभुमी न.पा- ३ कपिलवस्तु

अध्यक्ष

**काठ/दाउरा बोलपत्रद्धारा लिलाम बिक्रिको सुचना**

**दोस्रो पटक प्रकाशित मिति : २०८२/०१/२१**

रामलक्ष्मण सामुदायिक वन उपभोक्ता समुहको वन बाट आ.व. २०७६।०७७ र २०७९।०८० उत्पादित सा.व. घाटगद्दीमा विभिन्न लटहरु मा विभाजित निम्न परिमाणको काठ/दाउरा जे जस्तो अवस्थामा छ सोहि अवस्थामा आफनै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम विक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । रित पुगेका वन पैदावारमा अधारित(काठ/दाउरा) संचालनमा रहेको उद्योगले मात्र यो सूचना मेचिकाली राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित भएको मितिले १५ दिन भित्रमा बोलपत्र खरिद गरी १६ औ दिनको २:०० बजे सम्ममा प्रत्येक लटको छुट्टा छुटै सिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ ।

तपशिल

वन पैदवारको विवरण

| लट नं. | जात | ग्रेड | थान | परिमाण(क्य.फि) | न्युनतम मुल्य रु | संकलन खर्च रु | धाङ |
|---|---|---|---|---|---|---|---|
| ५।८१।०८२ | साल | A | ६ | ७४.५१ | ९३१३७.५० | १७६६८२ | १०,११ र १२(आ.व.२०७९।०८०) |
| | साल | B | ४१ | ४५४.८६ | ४०९३७४.०० | | |
| | साल | C | ७९ | ४२३.११ | २५३८६६.०० | | |
| | साल | D | ९२ | २२५.४० | ६७६२०.०० | | |
| | जम्मा | | २१८ | ११७७.८८ | ८२३९९७.५ | | |
| ६।०८१।०८२ | साल | A | ११ | १४२.७२ | १७८४०० | ९९५५६.५ | ४ र ५(आ.व.२०७६।०७७) |
| | साल | B | १७ | ११३.७१ | १०२३३९ | | |
| | साल | C | १२० | ४०७.२८ | २४४३६८ | | |
| | जम्मा | | १४८ | ६६३.७१ | ५२५१०७ | | |
| | साल दाउरा(चट्टा) | | | ७ | ८४००० | २०८००० | |
| | अन्य दाउरा(चट्टा) | | | ६ | २४००० | | |
| | कुल जम्मा | | | | ६३३१०७ | ३०७५५६.५ | |

(२) बोलपत्र खरिद गर्नु पर्ने अन्तिम मिति र समय

(क) अन्तिम मिति :- २०८२/०२/०४ (ख) समय :- दिनको ठीक ५.०० वजे सम्म । २१ औं दिन सार्वजनिक विदा परेमा २२ औं दिनको शिलबन्दि बोलपत्र दाखिला गर्ने समय भन्दा १ घण्टा अघि सम्ममा बोलपत्र खरिद गरि बोलपत्र दाखिला गर्न पर्नेछ ।

(३) बोलपत्र दाखिला गर्नु पर्ने अन्तिम मिति र समय

(क) अन्तिम मिति :- २०८२/०२/०५ (२२ औं दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट बोलपत्र दाखिला गर्न पर्नेछ ।)

(ख) समय :- दिनको ठीक २.०० वजे सम्म ।

(४) बोलपत्र फारम प्रत्येक लटको रु १००० मा पछि फिर्ता नहुने गरी तिरी यस समुहको कार्यालय र डिबिजन वन कार्यालय कपिलवस्तु(गौतमवुद्ध) बाट खरिद गरी सोहि कार्यालयमा दाखिला गर्न सकिनेछ ।

# श्री रामलक्ष्मण सामुदायिक वन उपभोक्ता समुह

## वुद्धभुमी न.पा- ३ कपिलवस्तु

अध्यक्ष

(५) बोलपत्र साथ कबूल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम यस समुहको राष्ट्रिय वाणिज्य बैंक, शाखा कार्यालय तौलिहवा खाता नं. ३११०१००००७४७३००१ मा नगद जम्मा गरेको सक्कल भौंचर वा ६ महिना को बैंक ग्यारेण्टी जमानत पत्र समावेश हुनपर्ने छ ।

(६) लिलाम बढाबढ हुने वन पैदावार कार्यालय खुलेको समय भित्र **यस रामलक्ष्मण सा.व.उ.स.** को घाटगद्दी स्थलमा गई हेर्न सकिने छ ।

(७) लिलाममा भाग लिन ईच्छुक उद्योगका प्रोप्राईटरले नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी, उधोग दर्ता प्रमाण पत्रको प्रतिलिपी, मुल्य अभिबृद्धिकर दर्ता प्रमाण पत्रको प्रतिलिपी वा स्थायी लेखा नं. (PAN) दर्ता प्रमाण पत्रको प्रतिलिपी, कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि, डिभिजन वन कार्यालयमा सुचिकृत तथा सुचीकृत अधावधिक भएको पत्रको प्रतिलिपी सहित बोल पत्र खरिद गरी शिल वन्दी बोलपत्र पेश गर्नु पर्नेछ ।

(८) निर्धारित गरिएको न्यूनतम् संख्याको र रीतपुर्वक पर्न आएका बोलपत्रहरु दाखिला भएको भोलिपल्ट मिति २०८२।०२।०६ गते समय १.०० वजे साक्षीहरुको रोहवरमा खोलिनेछ ।

(९) लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको १० दिन भित्र सकार गरेका रकम तथा निर्धारित मुल्य अभिबृद्धि कर लगायत अन्य कर समेत बुझाई लिलाम स्वीकृत भएको वन पैदावार तोकिएको अवधी भित्र उठाई लैजानु पर्नेछ ।

(१०) बोलपत्रमा सकार गरिएकी रकम अंक र अक्षर दुवैमा लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।

(११) बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस समुहको कार्यसमितिमा हुनेछ ।

१२) अन्य कुराहरु बुझ्नु परेमा यस समुहमा सम्पर्क राख्नु होला ।

(१३) म्याद नाघी वा रीत नपुगी पेश हुन आएको बोलपत्र मान्य हुने छैन ।

१४) टेण्डर फारममा टिपेक्शको प्रयोग गर्न पाईने छैन । टिपेक्श प्रयोग भएका टेण्डरहरु रद्द गरिने छ ।

१५) बैंक बाट जारी भएको वैक जमानत पत्र सक्कल प्रति पेश हुनुपर्ने छ । फोटोकपी ,स्कयान प्रति पेश भएमा मान्य हुने छैन ।